# गैरआवासीय नेपाली संघ

## निर्वाचन सम्बन्धी नियमावली, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>
सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ निर्वाचन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३
- ***सन् २०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक***

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विभन्न तहमा हुने निर्वाचन प्रकृयालाई सुव्यवस्थित, मर्यादित र समय सापेक्ष बनाउन वाञ्छनिय भएकोले गैरआवासीय नेपाली संघको विधानको दफा २१ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचन एवं मतदान सम्बन्धि कार्य सम्पादन प्रणाली व्यवस्थित गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *............................ को दफा १७.६ र दफा २१.१ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यो नियमको नाम "गैरआवासीय नेपाली संघ निर्वाचन सम्बन्धी नियमावली, २०२१" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय भएको मिति बाट लागू हुनेछ । *<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउँनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *........................... लाई जनाउँनेछ ।

(ग) "**समिति**" भन्नाले निर्वाचन समितिलाई जनाउँनेछ ।

(घ) "**निर्वाचन *आयुक्त**" भन्नाले निर्वाचन समितिको *................ निर्वाचन *<u>आयुक्त</u>लाई जनाउनेछ ।

(ङ) "**मतदाता**" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचनमा मतदान गर्न योग्य प्रतिनिधिलाई जनाउँनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।

*(न) "**परिचयपत्र**" भन्नाले महाधिवेशनमा भाग लिन र मतदान गर्न पाउँने प्रतिनिधिलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले जारी गरेको परिचयपत्रलाई जनाउँनेछ ।

३. **निर्वाचन समितिको गठनः**

*(१) निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानको उपदफा २१.१ मा उल्लेख भए बमोजिम निर्वाचन हुनु भन्दा कम्तिमा ३ महिना पहिले एक जना *................. निर्वाचन *आयुक्त सहित बढिमा ७ (सात) जना सदस्यहरु रहेको निर्वाचन समिति गठन गर्नेछ ।

*(२) निर्वाचन समितिले आवश्यकता अनुसार निर्वाचन समितिको सल्लाहकार वा अन्य प्राविधिक सहयोग गर्नका लागि सदस्यहरुको मनोनयन गर्न सक्ने छ ।

तर सल्लाहकार र यस्ता सदस्यहरुको समितिको निर्णय प्रक्रियामा मताधिकार रहने छैन ।

*(३) निर्वाचन सम्बन्धी कार्यमा निर्वाचन समितिलाई सहयोग पुर्‍याउन निर्वाचन समितिले आवश्यक संख्यामा मतदान आयुक्त तथा अन्य कर्मचारीहरु समेत नियुक्त गर्न सक्नेछ ।

*(४) निर्वाचन समितिले संघका कर्मचारीहरुलाई निर्वाचनको काममा आवश्यकता अनुसार खटाउन सक्नेछ ।

*(५) निर्वाचन समितिले मतदान आयुक्त तथा अन्य कर्मचारीहरुलाई आवश्यकता अनुसार आफ्नो सवै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

*(६) नियम ३(४) अनुसार संघका कर्मचारीहरुलाई निर्वाचन काममा खटाउन परेमा कम्तीमा २४ (चौविस) घण्टा अगावै संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई लिखित सूचना दिनु पर्नेछ ।

४. **निर्वाचन समितिको काम कर्तव्य र अधिकारः**

निर्वाचन समितिलाई निर्वाचन सम्पन्न गर्नका लागि देहायका कार्यहरु सम्पन्न गर्ने अधिकार रहेको छः

(१) निर्वाचनलाई व्यवस्थित बनाउनको लागि विधान र नियमावलीको अधिनमा रही आवश्यक्ता अनुसार निर्वाचन आचार संहिता, नियमहरु, कार्यविधी बनाउने ।

(२) निर्वाचनको कार्यतालिका बनाई सचिवालयको कार्यालय तथा सञ्जालमा सूचना प्रवाह गर्ने ।

(३) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले उपलव्ध गराएको मतदाता नामावली रुजु गर्ने र यसलाई वैधता दिने ।

(४) अन्तर्राष्ट्रिय समन्वय परिषद्को परामर्शमा मनोनयन शुल्क तोक्ने ।

(५) मतदान सकिए पछि मतदान गरिएको मतको गणना गर्नको लागि आवश्यक कर्मचारीहरु तथा उम्मेदवारका प्रतिनिधिहरुलाई सहभागी गराउन सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा क्रमबद्ध गर्नका लागि नम्बर राखि अनुच्छेदलाई विभाजन गरिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा क्रमबद्ध गर्नका लागि नम्बर राखि अनुच्छेदलाई विभाजन गरिएको ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।

(६) आवश्यक परे कुनै पदहरुमा मतगणना सोहि दिनमा मात्र दोहोऱ्याउन सकिने छ । एकचोटी मतगणना दोहऱ्याए पछि अर्को चोटी मतगणना दोहऱ्याईने छैन ।

(७) मतदान सम्बन्धी अभिलेखहरु निर्वाचन परिणाम आएको मितिले सो अनलाइन अथवा भौतिक रुपमा सुरक्षित भएको अभिलेखहरु १ वर्ष पछि नष्ट गरिनेछ ।

(८) निर्वाचन सम्वन्धी कुनै विवाद आएमा वा अस्पष्टता भएमा निर्वाचन समितिको निर्णय नै अन्तिम मानिनेछ ।

(९) निर्वाचन समितिका आयुक्त वा सदस्यहरु निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैनन् ।

(१०) निर्वाचनको परिणाम घोषणा भएपछि पदाधिकारीले शपथ गरे लगत्तै निर्वाचन समिति भंग हुनेछ । भंग भएको घोषणा निर्वाचन आयुक्तले गर्नेछ ।

*(११) निर्वाचन प्रयोजनका लागि आवश्यक फर्महरु निर्माण गरी लागू गर्ने ।

५. **मतदाता नामावली र परिचयपत्रः***

(१) अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्हरुले संघको विधानको उपदफा १३.७ बमोजिमको अनुसूची - ६ अनुसार महाधिवेशन प्रतिनिधिको संख्या र अनुसूची - ६(क) अनुसार महाधिवेशन प्रतिनिधिहरु चयन गर्नेछ ।

*................................

(२) राष्ट्रिय समन्वय परिषद्हरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको सदस्यता तथा अन्य अनिवार्य शुल्क सहित पञ्जिकृत सदस्यहरुको ***नामावली**, महाधिवेशनको निर्वाचनमा भाग लिने प्रतिनिधिहरुको नामावली र अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्यको नामावली संघले उपलब्ध गराएको NRNA IMS (MIS) प्रणाली अनुसार गैरआवासीय नेपाली संघको सचिवालयमा *३१ अगष्ट सम्म उपलब्ध गराई सक्नु पर्नेछ । NRNA IMS (MIS) प्रणाली बाहेक अन्य किसिमले प्राप्त प्रतिनिधिको नामावली मान्य हुने छैन ।

(३) अन्तर्राष्ट्रिय महाधिवेशन र मतादानमा सहभागि हुनको लागि प्रतिनिधिले नियम ५(२) मा उल्लेख भए बमोजिमको पञ्जिकृत सदस्यता शुल्कका साथै अन्तर्राष्ट्रिय समन्वय परिषद्ले महाधिवेशनको लागि तोकेको दर्ता शुल्क बुझाएको हुनुपर्नेछ । अन्तर्राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरुले दर्ता शुल्क पनि १५ *सेप्टेम्बर सम्म काठमाण्डौमा रहेको सचिवालयको खातामा अनिवार्य रुपमा जम्मा गरिसक्नु पर्ने छ ।

(४) राष्ट्रिय समन्वय परिषद् गठन नभएका मुलुकहरुका व्यक्तिले माथिको नियम ५(३) बमोजिम दर्ता शुल्क तिरी पर्यवेक्षकको रुपमा महाधिवेशनमा भाग लिन पाउने छन् तर उनीहरुले निर्वाचनमा मतदान गर्न वा कुनै पनि पदमा उम्मेदवार बन्न पाउने छैनन् ।

(५) गैरआवासीय नेपाली संघको सचिवालयले विभिन्न राष्ट्रिय समन्वय परिषद्बाट आएको मतदान अधिकार सहितको प्रतिनिधीहरुको नामावली निर्वाचन समितिलाई निर्वाचन हुने मिति भन्दा ३० दिन अगाडि

---

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा क्रमबद्ध गर्नका लागि नम्बरको सूची ५.१, ५.२ .... कायम नगरी (१), (२) .... कायम गरिएको ।

* पहिलो संशोधनद्वारा झिकिएको

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

उपलव्ध गराइसक्नु पर्नेछ । उक्त नामावली निर्वाचन समितीले रुजु गरी दावा विरोधको प्रकृयामा लैजाने छ र वैधता दिनेछ ।

(६) विधानको उपदफा १३.६ अनुसार वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरुको मतदानको अधिकार स्वतः रहने छ । तर उनीहरुको गैरआवासीय नेपालीको हैसियत विधानको उपदफा ५.१ अनुसार कायम रहेको हुनु पर्नेछ र उनीहरुले पञ्जिकृत सदस्यता नविकरण गरी सदस्यता शुल्क तिरेको हुनु पर्नेछ ।

(७) योग्य मतदाताहरुलाई निर्वाचन समितिले एक मतदाता परिचयपत्रको व्यवस्था गर्नेछ । पर्यवेक्षकहरुलाई मतदाता परिचयपत्र भन्दा भिन्न खालको परिचयपत्रको व्यवस्था गर्नेछ । महाधिवेशन हलमा प्रवेश गर्न परिचयपत्र वा मतदानपत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ । मतदानमा भाग लिन यस परिचयपत्रको साथमा सम्वन्धित देशमा विधानको उपदफा ५.१ अनुसार बसोबास गरेको प्रमाणित हुने कागजात देखाउनु पर्नेछ । यस्ता कागजातहरुमा राहदानी, त्यस देशको चालक अनुमतीपत्र, स्थायी बसोबास पत्र वा निर्वाचन समितिले तोकेको अन्य परिचयपत्रलाई मात्र सकिनेछ ।

६. **निर्वाचित हुने पदहरुः**

*(१) अन्तर्राष्ट्रिय महाधिवेशनमा संघको विधानको उपदफा १७.२ मा उल्लेख भए बमोजिम देहायका पदहरुमा निर्वाचन हुनेछ । यस सम्बन्धित अन्य व्यवस्था विधानको उपदफा १७.२ अनुसार हुनेछ ।

| सि.नं. | पद | संख्या |
|---|---|---|
| १. | अध्यक्ष | १ |
| २. | उपाध्यक्ष | ६ |
| ३. | महिला उपाध्यक्ष | १ |
| ४. | युवा उपाध्यक्ष | १ |
| ५. | महासचिव | १ |
| ६. | उपमहासचिव | २ |
| ७. | सचिव | ६ |
| ८. | महिला सचिव | १ |
| ९. | कोषाध्यक्ष | १ |
| १०. | सहकोषाध्यक्ष | ३ |
| ११. | महिला सहकोषाध्यक्ष | १ |
| १२. | महिला संयोजक | १ |
| १३. | युवा संयोजक | १ |
| १४. | क्षेत्रीय संयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| १५. | क्षेत्रीय उपसंयोजक | ६ (कम्तिमा) १० सम्म राष्ट्रिय समन्वय परिषद् भएका क्षेत्रमा १ जना, १० भन्दा बढी २० सम्म भएमा थप १ जना आदिको |

* पहिलो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| | | क्रमले वा क्षेत्रमा पञ्जिकृत सदस्य संख्या ५ हजार भन्दा बढी भएमा प्रत्येक ५ हजार सदस्य बराबर १ जना क्षेत्रीय उपसंयोजक निर्वाचित हुनेछ तर सदस्य संख्याको आधारमा निर्वाचन हुने उपसंयोजकको संख्या ३ भन्दा बढी हुने छैन । |
| १६. | क्षेत्रीय महिला संयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| १७. | क्षेत्रीय युवा संयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| १८. | क्षेत्रीय महिला उपसंयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| १९. | क्षेत्रीय युवा उपसंयोजक | ६ (प्रत्येक क्षेत्रमा १ जना) |
| २०. | दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक | १ |
| | **निर्वाचन हुने पदाधिकारी संख्या** | **६३ कम्तिमा** |

(२) राष्ट्रिय समन्वय परिषद्हरुले अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना हुने वर्षको जुलाई महिनाको १ देखी ३१ तारिख सम्ममा अनिवार्य रुपमा आफ्नो मुलुकहरुमा राष्ट्रिय महाधिवेशन सम्पन्न गरी सोही महाधिवेशनबाट संघको विधानको उपदफा १७.३ तथा अनुसूची ७ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु चयन गर्नु पर्नेछ ।

♣.....................

(३) राष्ट्रिय समन्वय परिषद्बाट निर्वाचित भएका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले निर्वाचित भइसके पछि अनिवार्य रुपमा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिई शपथ ग्रहण गर्नु पर्नेछ । विशेष कारणबस उपस्थित हुन नसकेमा निर्वाचित सदस्य वा राष्ट्रिय समन्वय परिषद्ले कारण सहित अन्तर्राष्ट्रिय महाधिवेशन हुनु भन्दा पहिले सचिवालयलाई इमेल मार्फत जानाकारी गराउनु पर्नेछ । उचित कारण ठहरिएमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकले नीजलाई शपथ ग्रहण गराउने छ ।

(४) निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले अनिवार्य रुपमा निर्वाचन समितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको सदस्यता शुल्क बुझाई आफ्नो नाम दर्ता गराउनु पर्ने छ । सो प्रकृया पछि महाधिवेशनले सदस्यहरुलाई अनुमोदन (Endorse) गर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीका उम्मेद्वारहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको उम्मेदवार मनोनयन शुल्क निर्वाचन समितिलाई बुझाउनु पर्नेछ । निर्वाचित भएका पदाधिकारीहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको सदस्यता शुल्क बुझाए पछि मात्र शपथ ग्रहणमा भाग लिन पाउने छन् ।

(५) क्षेत्रीय संयोजक, क्षेत्रीय उपसंयोजक, क्षेत्रीय महिला संयोजक, क्षेत्रीय युवा संयोजक, क्षेत्रीय महिला उपसंयोजक र क्षेत्रीय युवा उपसंयोजकहरुको निर्वाचन संघको विधानको उपदफा २१.२ मा उल्लेख भए बमोजिम सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुनेछ । अन्य पदहरु सबै महाधिवेशन प्रतिनिधीबाट निर्वाचित हुनेछन् ।

७. **उम्मेदार बन्न चाहिने योगयताः**

♣ पहिलो संशोधनद्वारा झिकिएको ।

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदको लागि विधानको उपदफा १७.५.१ **“अध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनुपर्ने छ”** बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

(२) अध्यक्ष पद बाहेक अन्य पदाधिकारीहरुका लागि विधानको उपदफा १७.५.२ **“अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरुको लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ”** बमोजिम योग्य हुनु पर्नेछ । *दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकको हकमा कुनै पनि योग्यताको आवश्यक्ता पर्ने छैन ।

तर भखैरै गठन भएका राष्ट्रिय समन्वय परिषद्को तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा उम्मेदवारी दिन अयोग्य मानिने छ ।

(३) अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य पदको हकमा विधानको उपदफा १७.५.३ **“अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको वा कम्तिमा एक पटक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि भएको हुनु पर्ने छ”** बमोजिम योग्य हुनु पर्नेछ ।

(४) युवा उपाध्यक्ष, युवा संयोजक, क्षेत्रीय युवा संयोजक र क्षेत्रीय युवा संयोजकको उम्मेदवार बन्नको लागि नीज अन्तर्राष्ट्रिय महाधिवेशन सुरु भएको दिनसम्म *..................... विधानको उपदफा १७.५.६ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।*दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकको उम्मेदवार बन्नको लागि नीज विदेशमा माध्यमिक विद्यालय तह सम्म अध्ययन गरेको र अन्तर्राष्ट्रिय महाधिवेशन सुरु भएको दिनसम्म ३० वर्ष नकाटेको हुनुपर्ने छ ।

(५) अन्तर्राष्ट्रिय समन्वय परिषद्को कुनै पनि पदमा उम्मेद्वार बन्न गैरआवासीय नेपाली संघको विधानको उपदफा ५.१ मा उल्लेख बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम गरेको हुनु पर्नेछ । विधानको उपदफा ५.१ मा उल्लेख भए बमोजिम मनोनयन फारमका साथ सम्बन्धित देशमा दुई वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ । यस्तो कागजात पेश नगरेमा निजको उम्मेद्वारी स्वतः खारेज हुनेछ । निर्वाचित सदस्य वा पदाधिकारीहरुको विधानको उपदफा ५.१ बमोजिम गैरआवासीय नेपालीको हैसियत नरहेमा नीजको पद स्वतः खारेज हुनेछ ।

(६) उम्मेद्वार बन्नको लागि राष्ट्रिय समन्वय परिषद्बाट महाधिवेशन प्रतिनिधि छानिएको हुनु पर्नेछ । चालू अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु वा पदाधीकारीहरु स्वतः महाधिवेशन प्रतिनिधि हुने भएकोले उनीहरु राष्ट्रिय समन्वय परिषद्बाट चयन भएका प्रतिनिधि भित्र छानिएको हुनु पर्ने छैन् तर यस्ता पदाधिकारी वा सदस्यहरुको गैरआवासीय नेपाली संघको विधानको उपदफा ५.१ बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम रहेको भने हुनु पर्नेछ । निर्वाचनमा उम्मेदवार बन्नको लागि सम्बन्धित कार्यकालमा पञ्जिकृत सदस्य भई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको सदस्यता शुल्क र अन्य शुल्क अनिवार्य रुपमा बुझाएको हुनु पर्ने छ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।

(७) उम्मेद्वारहरुले संघको आचार संहितामा लिखित प्रतिबद्धता गरी उम्मेद्वारी मनोनयन फारमका साथमा पेश गर्नु पर्ने छ । कुनै उम्मेद्वार राजनैतिक, जातिय वा धार्मिक संस्थाको कार्यकारी समितिको पदाधिकारी वा सदस्य पद धारण गरेको भए सो पद त्याग गरेको प्रमाण (राजिनामा वा स्विकृत) मनोनयन फारमका साथ पेश गर्नु पर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको आचार संहिता पालना नगरी प्राप्त भएका मनोनयनका उपर प्रमाण सहित उजुरी परेमा निर्वाचन समितिले मनोनयन रद्द गर्न सक्नेछ । निर्वाचन भएपछि पनि माथि उल्लेखित पदहरु ग्रहण गरेको प्रमाणित भएमा अनुशासन समितिको सिफारिशमा निजलाई पदमुक्त गर्न सकिनेछ ।

(८) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचनको ३ महिना अगावै सदस्यता शुल्क एवं विभिन्न परियोजनाहरुमा कबुल गरेको रकम बुझाउन बाँकी सदस्यहरुको नामावली संघको वेभसाइट मार्फत अथवा आइसिसिको ग्रुप इमेल मार्फत प्रकाशित गरिने छ । उक्त नाम प्रकाशित भएको १ महिना भित्र उक्त सूची उपर त्रुटी भएमा छानविन गरी अन्तिम सूची प्रकाशित हुने छ । विभिन्न परियोजनामा कबुल गरेको रकम एवं सदस्यता शुल्क बुझाउन बाँकी व्यक्तिहरुले अन्तर्राष्ट्रिय समन्वय परिषदको एवं राष्ट्रिय समन्वय परिषद्को कुनै पनि पदमा उम्मेदवारी दिन पूर्व उक्त रकम अनिवार्य रुपमा चुक्ता गर्नु पर्ने छ । अन्यथा नीजको मनोनयन अयोग्य मानिनेछ ।

*(९) अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुले आफ्नो उम्मेदवारी दर्ता नेपाल स्थित संघको निर्वाचन कार्यालयमा भौतिक रुपमा उपस्थित भएर गर्नु पर्ने छ ।

*(१०) उम्मेदवारका प्रस्तावक र समर्थक समेत भौतिक रुपमा संघको निर्वाचन कार्यलयमा उपस्थित हुनुपर्ने छ ।

*(११) प्रत्येक उम्मेदवारका २ जना प्रस्तावक र २ जना समर्थक अनिवार्य रुपमा उपस्थित हुनुपर्ने छ ।

*(१२) कुनै पनि प्रस्तावक वा समर्थक १ (एक) भन्दा बढी उम्मेदवारको बस्न पाइने छैन ।

८. **निर्वाचन कार्य सम्पादनः**

(१) प्रमुख निर्वाचन अधिकृतले निर्वाचनका निमित्त मतदानका लागि मिति समय र स्थान तोक्नेछ ।

(२) निर्वाचन समितिले गैरआवासीय नेपाली संघको सचिवालयबाट मात्र मतदाता नामावली रुजु गरी उक्त नामावली उपर दावा विरोधको मौका दिई अन्तिम नामावली प्रकाशन गर्नेछ ।

(३) नाम दर्ता गर्न चाहने उम्मेदवारहरुले निर्वाचन समितिले तोकेको दस्तुर सहित मनोनयन पत्र दाखिला गर्नु पर्नेछ । यस्ता व्यक्ति अन्तिम मतदाता नामावलीमा समावेश भएको हुनु पर्नेछ ।

(४) निर्वाचन समितिले तोकेको दस्तुर सहित मनोनयन पत्र दाखिला गरेका उम्मेदारहरुले उम्मेदवारी फिर्ता लिएमा निजले तिरेको मनोनयन दस्तुर फिर्ता हुने छैन् ।

(५) नाम फिर्ता लिन चाहने उम्मेदवारहरुले प्रमुख निर्वाचन अधिकृत द्वारा तोकिएको समयमा तोकिए बमोजम सूचना दिइ आफ्नो नाम फिर्ता लिन सक्ने छन् ।

(६) निर्वाचन अधिकृतले तोकिएको समयमा मतपत्र वितरण गर्ने छन् र मतदाताहरुले तोकिएको समय भित्र मतदान गरिसक्नु पर्नेछ । मतदान गर्ने मतपत्र कागजीय पद्दति (Hard Copy) अथवा विद्युतिय पद्दति (Soft Copy) मध्ये कुनै एउटा पद्दति अपनाउन सकिने छ ।

---

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा थप ।

(७) मत पत्रमा अनिवार्य रुपले प्रमुख निर्वाचन अधिकृतको हस्ताक्षर भएको हुनु पर्दछ । मत पत्र र मनोनयन पत्रको वैध्यताको निर्णय *प्रमुख निर्वाचन आयुक्तबाट हुनेछ ।

(८) अध्यक्ष तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी पदमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको घोषणा गरिनेछ ।

(९) निर्वाचन कागजीय वा विद्युतिय प्रणालीद्वारा गोप्य मतदान गरिनेछ ।

(१०) दुई उम्मेदवार वीच मत बराबर भएमा गोला प्रथाको माध्यमबाट विजयी उमेदवारको नाम घोषणा गरिनेछ ।

(११) विद्युतिय प्रणाली वा कागजीय पद्दतिबाट गरिने मतदानमा उम्मेदवारको नाम अंग्रेजी वर्णानुक्रम अनुसार क्रमबद्ध रुपमा राखिने छ ।

(१२) अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकालमा पंजीकृत सदस्य भएका महाधिवेशन प्रतिनिधिहरु मात्र मतदाता हुनेछन् । उनीहरुलाई कागजीय वा विद्युतिय माध्यम इमेल, युजर आईडी, पासकोड लगायत विद्युतिय प्रविधि मार्फत मतपत्र उपलब्ध गराईने छ । प्राप्त मतपत्रमा निर्धारित तरिकाले मत संकेत गरी निर्वाचन समितिले तोकेको समय र स्थानमा पठाउनु पर्नेछ ।

(१३) अन्य विषयमा निर्वाचन समितिले समय समयमा जारी गर्ने सूचना अनुसार हुनेछ ।

(१४) विधानको उपदफा २१.८ मा भएको प्रावधान अनुसार महाधिवेशन र निर्वाचन प्रक्रियालाई निष्पक्ष र स्वतन्त्र रुपमा संचालन भए नभएको अनुगमन गर्नको लागि एक ५ सदस्यीय निर्वाचन अनुगमन समिति गठन गर्न सक्ने छ । यस समितिमा संघमा नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका वा संघको अभियानमा उल्लेखनिय योगदान गरेका व्यक्तिहरु मध्येबाट चयन गरिने छ । निर्वाचन अनुगमन समितिको गठन अन्तर्राष्ट्रिय महाधिवेशन तथा निर्वाचन भन्दा कम्तीमा ७ दिन अगाडी गर्नु पर्ने छ ।

(१५) बिध्युतीय प्रणालीबाट निर्बाचन हुने स्थिति भएमा उक्त निर्वाचन सार्क मुलुकभन्दा बाहिरका मुलका व्यक्तिहरुको स्वामित्वमा सम्बन्धित देशको नियम कानुन अनुसार दर्ता भै कम्तिमा दुइ बर्ष भन्दा बढी अवधि पार गरिसकेका, कम्तिमा दशभन्दा बढी नाफामुलक वा गैर नाफामुलक संघ संस्थाका चुनाव सफलतापूर्वक सम्पन्न गरिसकेका, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा स्वच्छ छबि भएका, बिध्युतिय चुनाव गराउनमा ख्यातिप्राप्त कम्पनीहरु मध्येबाट संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पारदर्शी प्रक्रियाबाट छानेको बिध्युतीय प्रणालीबाट निर्वाचन गराउने कम्पनिलाई निर्वाचन गराउने जिम्मा संघले दिनसक्ने छ । उक्त कम्पनीले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पारित गरेको आपसी समझदारी पत्रका अधिनमा रही उक्त निर्वाचन गराउनु पर्नेछ ।

*(१६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि निर्वाचित पदाधिकारीले तोकिएको ढाँचामा शपथ नलिए सम्म निजले निर्वाचित पदमा रही कार्य गर्न र कुनै पनि बैठकमा भाग लिन पाउँने छैनन् ।

९. **निर्वाचन सम्बन्धी आचार संहिताः**

(१) निर्वाचन सम्बन्धि जुनसुकै विषयमा देखिएको विवाद तथा अस्पष्टताको बारेमा निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतले दिएको निर्णय नै अन्तिम हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आह्वान गर्न वा प्रचार प्रसार गर्न पाइने छैन ।

(३) निर्वाचन समितिले तोकेको आचारसंहिता र नियमावलीको उल्लङ्घन गर्ने उम्मेदवारको उम्मेदवारी रद्द गर्न सकिनेछ ।

(४) निर्वाचन हुने स्थानमा निर्वाचनलाई प्रभाव पार्ने खालका प्रचार प्रसारका सामग्रीहरुको प्रयोग तथा भाषण आदि जस्ता कृयाकलापहरु गर्न पाइने छैन ।

(५) मतदान स्थलमा फोटो खिच्न मिल्ने कुनै पनि उपकरण लान पाईने छैन ।

(६) निर्वाचनलाई प्रभाव पार्ने अन्य गतिविधी गर्न पाईने छैन ।

१०. **बाधा अड्काउ फुकाउः**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा निर्वाचन समितिको अनुरोधमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले फुकाउन सक्नेछ ।

*१०(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

११. **यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१२. **खारेजी र बचाउः**

(१) निर्वाचन सम्बन्धी नियमावली, २०२१ खारेज गरिएको छ ।

(२) निर्वाचन सम्बन्धी नियमावली, २०२१ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

* पहिलो संशोधनद्वारा थप ।